# नेपाल पत्रकार महासंघको
# विधान-२०६०

(पहिलो संशोधन - २०६४)

## नेपाल पत्रकार महासंघ

केन्द्रीय कार्यालय

सञ्चारग्राम, काठमाडौं ।

## प्रस्तावना

स्वतन्त्र प्रेसको रक्षाका लागि पत्रकारिताको गहनतम् जिम्मेवारी पूरा गर्दै नेपालभर आमसञ्चारमाध्यममा कार्यरत पत्रकारहरूलाई एक सूत्रमा आवद्ध गरी राष्ट्रिय विकासको प्रवाहमा संलग्न गराउनु वाञ्छनीय भएकाले,

सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका नागरिक अधिकारलाई आत्मसात गर्दै पारदर्शी र न्यायपूर्ण लोकतन्त्रको संस्थागत विकासका पक्षमा क्रियाशील हुन,

राष्ट्र र समाजको हितका लागि व्यावसायिक एवं स्वस्थ पत्रकारिताको विकास गर्दै स्वच्छ पत्रकारिताका आदर्शहरू परिपालना गर्न,

अन्तर्राष्ट्रिय जगतमा पत्रकारिता क्षेत्रमा क्रियाशील संघ, संस्था तथा व्यक्तिहरूसँग सौहार्द्रपूर्ण सम्बन्ध कायम गर्दै नेपाली पत्रकारहरूको हक हितको संरक्षण गर्न,

नेपाल सरकारको स्वीकृति लिई यो विधान जारी गरिएको छ।

## परिच्छेद - १
### प्रारम्भिक

१. **नाम र प्रारम्भ :**

(क) यस विधानको नाम नेपाल पत्रकार महासंघको विधान २०६० (पहिलो संशोधन २०६४) रहेको छ।

(ख) नेपाल पत्रकार महासंघलाई अंग्रेजीमा Federation of Nepali Journalists भनिनेछ। छोटकरीमा FNJ मात्र भनिनेछ।

(ग) यो विधान महासंघका सदस्य र सदस्य संस्थाहरूलाई लागू हुनेछ।

(घ) यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) “पत्रकार” भन्नाले यस विधानबमोजिम तोकिएको योग्यता पुगेको छापा, प्रसारण तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका आमसञ्चारका माध्यमसँग आवद्ध समाचार संकलन, उत्पादन, सम्पादन, सम्प्रेषण, समाचार लेखन/पुनर्लेखन गर्ने कार्यका साथै नियमित स्तम्भ लेखक, कार्टुनिष्ट, फोटो पत्रकार, प्रेस क्यामरापर्सन, समाचार तथा समाचारमूलक कार्यक्रम निर्माता तथा सञ्चालक, समीक्षक, साजसज्जा, भाषा सम्पादक एवं स्वतन्त्र पत्रकारसमेतलाई जनाउँछ ।

(ख) “महासंघ” भन्नाले यस विधानबमोजिम गठन भएको नेपाल पत्रकार महासंघलाई जनाउँछ ।

(ग) “सदस्य” भन्नाले नेपाल पत्रकार महासंघको विधानको दफा ४ बमोजिमको सदस्यता प्राप्त गरेका व्यक्तिलाई जनाउँछ ।

(घ) “केन्द्रीय समिति” भन्नाले विधानको दफा १४ बमोजिमको महासंघको केन्द्रीय समितिलाई जनाउँछ ।

(ङ) “शाखा” भन्नाले विधानको दफा २६ बमोजिमको शाखालाई जनाउँछ ।

(च) “कार्यकारिणी सभा” भन्नाले विधानको दफा ९ बमोजिमको कार्यकारिणी सभालाई जनाउँछ ।

(छ) “विशेष कार्यकारिणी सभा” भन्नाले विधानको दफा ९ बमोजिम बोलाइएको विशेष कार्यकारिणी सभालाई जनाउँछ ।

(ज) “आमसञ्चारमाध्यम” भन्नाले देशभरिमा सञ्चालित पत्रपत्रिका, रेडियो, टेलिभिजन, समाचार एजेन्सी र समाचार तथा समाचारमूलक कार्यक्रम उत्पादन तथा अनलाइन सेवाजस्ता आमसञ्चारका माध्यमसमेतलाई जनाउँछ ।

(झ) “सभासद” भन्नाले कार्यकारिणी सभाको सदस्यलाई जनाउँछ ।

(ञ) “विधान” भन्नाले नेपाल पत्रकार महासंघको विधान २०६० (पहिलो संशोधन २०६४) लाई जनाउँछ ।

**३. महासंघको उद्देश्य :**

(क) नेपाली पत्रकारहरूलाई संगठित गरी व्यावसायिक नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकार प्रवर्द्धन तथा संरक्षण गर्न क्रियाशील रहने,

(ख) उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्ने,

(ग) सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने,

(घ) श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि नेतृत्व प्रदान गर्ने,

(ङ) पत्रकारिता क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील संघ संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने तथा विभिन्न देशका संघ, संस्थाहरूसँग प्रतिनिधिहरू आदानप्रदान गर्ने,

(च) पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयहरूमा बैठक, भेला, सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, प्रशिक्षणलगायत अन्य विभिन्न रचनात्मक गतिविधिहरू सञ्चालन गर्ने र पुस्तक, पत्रपत्रिका, कार्यक्रम तथा प्रतिवेदन प्रकाशन वा उत्पादन गर्ने,

(छ) राष्ट्र, समाज र आम नागरिक तथा पत्रकार जगतको हितका साथै स्वच्छ पत्रकारिताको प्रवर्द्धनका निम्ति सक्रिय रहने,

(ज) प्रेस स्वतन्त्रताको प्रतिरक्षाका लागि आवश्यक अन्य काम गर्ने ।

# परिच्छेद - २

## सदस्यता

**४. प्रकार र योग्यता :**

महासंघमा सदस्य, संस्थागत सदस्य, अतिथि सदस्य र मानार्थ सदस्य गरी चार प्रकारका सदस्य हुनेछन् ।

(१) **सदस्य** :

देहायका व्यक्तिहरू महासंघको सदस्य हुन योग्य हुनेछन् :

(क) पत्रकारिता वा अरु कुनै विषयमा स्नातक उत्तीर्ण गरी एक वर्षदेखि पत्रकारितामा लागेका व्यक्ति,

(ख) पत्रकारिता वा अरु कुनै विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी दुई वर्षदेखि पत्रकारिता पेशामा लागेका व्यक्ति,

(ग) प्रवेशिका परीक्षा उत्तीर्ण गरी तीन वर्षदेखि पत्रकारिता पेशामा लागेका व्यक्ति, तर महिला, आदिवासी जनजाति, दलित र मधेशीका हकमा एक वर्षदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील भए पुग्नेछ ।

(घ) यो संशोधित विधान लागू हुनुभन्दा अगाडि महासंघको सदस्य रहेका व्यक्ति,

(ङ) महासंघको सदस्य हुन १८ वर्ष पुगेको नेपाली नागरिक हुनुपर्नेछ ।

(२) **संस्थागत सदस्य** :

प्रचलित कानुनबमोजिम दर्ता भई कम्तीमा दुई वर्षदेखि पत्रकारितासँग सम्बन्धित विधागत क्षेत्रका संघसंस्थाहरूलाई केन्द्रीय समितिले महासंघको संस्थागत सदस्यता दिन सक्नेछ । तर, यस्ता संस्थाहरूमा पत्रकारितालाई नै मूल पेशाका रुपमा अँगालेका सदस्यहरू मात्र संलग्न रहेको हुनुपर्नेछ ।

(३) **अतिथि सदस्य** :

महासंघको केन्द्रीय समितिले नेपालमा रहेर क्रियाशील विदेशी नागरिक पत्रकारलाई निजले काम गर्ने अनुमति पाएको अवधिसम्मका लागि अतिथि सदस्यता प्रदान गर्न सक्नेछ ।

(४) **मानार्थ सदस्य** :

महासंघको उद्देश्य प्राप्तिका लागि विशेष योगदान पुऱ्याएका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई केन्द्रीय समितिले सम्मानपूर्वक महासंघको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

५. **सदस्यता प्राप्त गर्ने कार्यविधि :**

(क) महासंघको सदस्यता लिन चाहने पत्रकारले आफू क्रियाशील रहेको शाखामा योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, पत्रकारितामा निरन्तरता र क्रियाशीलताको प्रमाण र आफू कार्यरत संस्थाको नियुक्तिपत्र प्रस्तुत गर्नुपर्नेछ ।

(ख) आवेदन आफूसमक्ष आएपछि शाखाले छानबिन गरी योग्यता पुगेका आवेदकको सदस्यता स्वीकृत गरी अनुमोदनका लागि केन्द्रीय समितिमा सिफारिश गर्नुपर्नेछ ।

(ग) सदस्यतामा विवाद उत्पन्न भएमा केन्द्रीय समितिले छानबिन गर्न सक्नेछ । यसरी छानबिन गर्दा योग्यताबमोजिम सदस्य नहुनेलाई सदस्य बनाएको वा योग्यता हुँदाहुँदै सदस्य बन्नबाट वञ्चित गरिएको पाइएमा त्यस्तो शाखा वा त्यस कार्यमा संलग्न जिम्मेवार पदाधिकारी वा सदस्यउपर छानबिन गर्न सकिनेछ । यस्तो कारबाहीमा त्यस्तो शाखाको समितिलाई सचेत, निलम्बन, भंग वा कुनै सदस्यको सदस्यता निलम्बन वा समाप्त गर्न सकिनेछ । तर, यस्तो कुनै प्रकारको निर्णय लिनुअघि सफाइको मौका दिइनेछ ।

(घ) कुनै शाखा भंग भएमा केन्द्रीय समितिले तत्काल तदर्थ समिति गठन गरी तीन महीनाभित्र दफा १४ (१) (क) र (ख) बमोजिमको समिति गठन गरिसक्नु पर्नेछ । निलम्बन गरिएको सदस्यले निलम्बनको अवधिभर नयाँ समिति गठनका लागि भएको चुनावमा उम्मेदवार हुन वा मतदान गर्न पाउने छैन ।

(ङ) संस्थागत सदस्यता लिन चाहने संघसंस्थाहरूले केन्द्रीय समितिसमक्ष आवेदन दिनुपर्नेछ । यस्तो आवेदनसाथ संस्थाको दर्ता प्रमाणपत्र, विधान, लेखापरीक्षण प्रतिवेदन र नियमानुसार नवीकरण भएको प्रमाण तथा संस्थामा रहेका पदाधिकारी र सदस्यहरूको विवरण पनि पेश गर्नुपर्नेछ ।

(च) संस्थागत सदस्यताको आवेदनमाथि केन्द्रीय समितिले अन्तिम निर्णय गर्नेछ । यस्तो सदस्य संस्थाले महासंघको घोषित लक्ष्यबमोजिम काम नगरेको वा महासंघको उद्देश्यमा प्रतिकूल असर पार्ने काम गरेको प्रमाणित

भएमा केन्द्रीय समितिले सदस्यता खारेज गर्न सक्नेछ। तर, खारेज गर्नुअगाडि सफाइको मौका दिइनेछ।

(छ) सदस्यताको अवधि एक वर्षको हुनेछ। हरेक वर्षको चैत्र मसान्तभित्रमा सम्बन्धित शाखामा नवीकरण गराउनुपर्नेछ। नवीकरणको विवरण शाखाले नयाँ वर्षको बैशाख मसान्तसम्ममा केन्द्रीय कार्यालयमा पठाइसक्नुपर्नेछ।

(ज) अतिथि सदस्यताको लागि नेपालमा क्रियाशील रहेका भनी नेपाल सरकारले प्रदान गरेको आधिकारिक प्रमाणसहित केन्द्रीय समितिसमक्ष आवेदन दिनुपर्नेछ। यस्तो आवेदनको छानबिन गरी केन्द्रीय समितिले अन्तिम निर्णय गर्नेछ।

(झ) अतिथि सदस्य र संस्थागत सदस्यले पनि तोकिएको शुल्क बुझाई प्रत्येक वर्षको चैत्र मसान्तभित्र नवीकरण गराउनुपर्नेछ।

(ञ) नवीकरणका लागि पत्रकारितामा निरन्तर संलग्न रहेको प्रमाण पेश गर्नु पर्नेछ।

(ट) सदस्यता स्थानान्तरण : महासंघका सदस्यहरूले आफ्नो कार्यक्षेत्र परिवर्तन भएअनुसार सदस्यता स्थानान्तरण गर्न सक्नेछन्। यसरी स्थानान्तरणका लागि सम्बन्धित शाखाको सिफारिशसहित केन्द्रीय कार्यालयमा आवेदन गर्नुपर्नेछ र केन्द्रीय कार्यालयले स्थानान्तरण हुन चाहेका शाखामा सदस्यता स्थानान्तरण गरिदिनेछ। स्थानान्तरण भएको शाखाले अभिलेख राखी नवीकरण गरिदिनुपर्नेछ।

(ठ) मानार्थ सदस्यताका हकमा विधानको दफा ५ को खण्ड (क) देखि (ञ) सम्मका व्यवस्था लागू हुने छैन। दफा ४ को उपदफा (४) बमोजिम प्रदान गरिएको मानार्थ सदस्यता महासंघको केन्द्रीय समितिले समाप्त गर्ने निर्णय नगर्दासम्म कायम रहनेछ।

(ड) केन्द्रीय समितिले शाखा अधिवेशनको मिति घोषणा गर्दा अनुमोदन भैसकेका सदस्यले मात्र अधिवेशनमा भाग लिन पाउनेछन्।

**६. सदस्यता शुल्क :**

(क) सदस्यता शुल्क वार्षिक रु. १००।- हुने छ। तर, नयाँ सदस्यलाई प्रवेश शुल्क रु. १००।- थप लाग्नेछ।

(ख) हरेक वर्ष सदस्यता नवीकरण गर्नुपर्नेछ। तर ३ वर्षभित्र शतप्रतिशत जरिवाना लिई सदस्यता नवीकरण गर्न सकिनेछ।

(ग) प्रत्येक सदस्यता तथा नवीकरण दस्तुरमध्ये ५० प्रतिशत दस्तुर केन्द्रीय कार्यालयमा बैशाख मसान्तसम्ममा पठाउनु पर्नेछ।

(घ) संस्थागत सदस्य संस्थाको हकमा साधारण सदस्यको संख्याका आधारमा उपदफा (क) बमोजिमको सदस्यता शुल्क बुझाउनु पर्नेछ।

**७. सदस्यताको समाप्ति :**

(१) तल लेखिएको अवस्थामा महासंघको सदस्यता समाप्त हुनेछ :

(क) सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) विधानअनुसार बुझाउनुपर्ने शुल्क नबुझाएमा,

(ग) कुनै सदस्यले विधान प्रतिकूल काम गरेको छ भन्ने दफा ३० (घ) बमोजिमको समितिले ठहराएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा,

(ङ) मानसिक सन्तुलन बिग्रिएमा,

(च) पत्रकारिता पेशा नै परित्याग गरेमा,

(छ) मृत्यु भएमा।

**८. सदस्यको अधिकार :**

(क) सदस्यले विधानबमोजिम महासंघको निर्वाचनमा आफू उम्मेदवार हुन वा मतदान गर्न पाउनेछ।

(ख) सदस्यले कार्यकारिणी सभामार्फत् महासंघको नीति निर्माणमा संलग्न हुन पाउनेछ ।

(ग) उपदफा (क) र (ख) को अधिकार अतिथि र मानार्थ सदस्यलाई हुने छैन ।

# परिच्छेद – ३

## कार्यकारिणी सभा

**९. कार्यकारिणी सभाको गठनः**

कार्यकारिणी सभा महासंघको सर्वोच्च निकाय हुनेछ । यसले महासंघको केन्द्रीय समिति चयन, नीति निर्माण तथा कार्यक्रम तय गर्नेछ । यसमा देहायका सदस्य रहनेछन् :

(क) महासंघको प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाका अध्यक्ष कार्यकारिणी सभाका सभासद हुनेछन् । तर उनीहरू केन्द्रीय समितिका लागि उम्मेदवार हुन पाउने छैनन् ।

(ख) महासंघको प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाबाट ५० सदस्यसम्म रहेका हकमा हरेक ५ सदस्यमध्येबाट १ र सोभन्दा बढीका हकमा हरेक १० सदस्यमध्येबाट १ जनाका दरले निर्वाचित प्रतिनिधिहरू । यसरी हिसाब गर्दा दशमलवमा आउने संख्यामा ०.५ भन्दाबढी आएमा थप १ प्रतिनिधि छानिने छन् । यसप्रकारको निर्वाचन शाखा वा संस्थाको नयाँ नेतृत्वको निर्वाचन गर्दाकै बखत हुनेछ ।

(ग) केन्द्रीय समितिका पदाधिकारी, सदस्य र सल्लाहकार ।

(घ) पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान गरेका केन्द्रीय समितिले मनोनयन गर्ने बढीमा १० जना । तर उनीहरू उम्मेदवार हुन पाउने छैनन् ।

(ङ.) आमसञ्चारमाध्यमसँग सम्बन्धित विशेषज्ञलाई महासंघ केन्द्रीय समितिको निर्णयले कार्यकारिणी सभामा आमन्त्रित गरी छलफलमा सहभागी गराउन सकिनेछ । तर उनीहरूलाई मतदानको अधिकार हुने छैन ।

(च) तदर्थ र सम्पर्क शाखाबाट एक एकजना पर्यवेक्षक सहभागी हुनेछन् । उनीहरूलाई मतदानको अधिकार हुने छैन ।

## १०. महाधिवेशन र साधारण सभा

(क) हरेक तीन वर्षमा हुने कार्यकारिणी सभाको बैठक नै महाधिवेशन हुनेछ ।

(ख) एक महाधिवेशनपछि अर्को महाधिवेशनका बीचमा कम्तीमा एकपटक कार्यकारिणी सभाको बैठक हुनेछ । यसलाई साधारण सभा भनिनेछ ।

(ग) केन्द्रीय समितिको निर्णय वा कार्यकारिणी सभाका एक तिहाई सदस्यले प्रयोजन खुलाई सभा बोलाइयोस् भनी केन्द्रीय कार्यालयमा लिखितरुपमा माग गरेको खण्डमा तीन महीनाभित्र विशेष कार्यकारिणी सभा बोलाउनु पर्नेछ । यस्तो सभा एक वर्षमा एकपटक भन्दा बढी हुने छैन ।

(घ) कार्यकारिणी सभाको गणपूरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ । कार्यकारिणी सभा हुने तोकिएको दिनमा गणपूरक संख्या नपुगेमा, कम्तीमा २४ घण्टाको सूचना दिई अर्को कार्यकारिणीसभा बोलाउन सकिनेछ । यसरी बोलाइएको सभामा कुल सभासदको कम्तीमा २५ प्रतिशत उपस्थिति हुनु पर्नेछ । तर तेस्रोपटक बोलाउनु पर्ने अवस्था आएमा कम्तीमा १५ दिनको सूचना दिई सभा बोलाउनु पर्नेछ । यस्तो सभामा उपस्थित सभासद संख्यालाई नै गणपूरक संख्या मानिनेछ ।

(ङ) कार्यकारिणी सभाका लागि ३० दिनअगावै प्रस्तावसहितको जानकारी यथासम्भव शीघ्र सञ्चारको माध्यमबाट केन्द्रीय समितिले सभासदहरूलाई दिनु पर्नेछ । तर, विशेष कार्यकारिणी सभा बोलाउनुपर्दा कम्तीमा १५ दिनको सूचना दिनु पर्नेछ । यस्तो सभामा प्रस्तावित विषयमा मात्र छलफल र निर्णय हुनेछ ।

(च) कार्यकारिणी सभा वा विशेष कार्यकारिणी सभामा उपस्थित सभासदको बहुमतबाट पारित निर्णय कार्यान्वयन गर्नु केन्द्रीय समितिको दायित्व हुनेछ ।

(छ) कार्यकारिणी सभाको निर्णय पुस्तिकामा अध्यक्ष, महासचिव तथा साधारणसभाले तोकेको कम्तीमा एक जना सभासदले हस्ताक्षर गरी प्रमाणित गरेको मूल अभिलेख नै निर्णय मानिनेछ ।

(ज) केन्द्रीय समितिले आफूले पेश गर्नु पर्ने र सभासदहरूबाट प्राप्त प्रस्तावहरू अध्ययन गरी कार्यकारिणी सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(झ) महासंघका अध्यक्षले कार्यकारिणी सभाको अध्यक्षता गर्नेछ । तर महाधिवेशनको बन्द सत्रको सञ्चालनका लागि अध्यक्षमण्डल गठन गर्न सकिनेछ ।

**११. कार्यकारिणी सभाको काम, कर्तव्य र अधिकार :**

(क) केन्द्रीय समितिले सम्पादन गरेका कामहरूको मूल्यांकन गर्ने,

(ख) केन्द्रीय समितिलाई दिएका निर्देशनहरू लागू भए/नभएको मूल्यांकन गर्ने,

(ग) महासंघलाई प्रभावकारी बनाउने र विधानको उद्देश्य पूरा गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(घ) महासंघका समस्या पहिचान गरी समाधानका उपाय पहिल्याउने,

(ङ) केन्द्रीय समितिले पेश गरेका वा कार्यकारिणीसभाले आवश्यक ठानेका प्रस्ताव वा प्रतिवेदनहरूमाथि सुझाव दिने वा निर्णय गर्ने,

(च) महासंघको विधान, रणनीति, नीति तथा कार्यक्रममा समयानुकूल सुधार, परिवर्तन तथा परिमार्जन गर्ने,

(छ) महासंघको नीति तथा कार्यक्रम र आय व्ययको विवरणसम्बन्धी केन्द्रीय समितिका तर्फबाट महासचिव र कोषाध्यक्षले प्रस्तुत गरेको प्रतिवेदनको अन्तिम सुनुवाइ गरी अनुमोदन गर्ने ।

## परिच्छेद - ४

### भेला र अविश्वासको प्रस्ताव

**१२. क्षेत्रीय र जिल्ला प्रतिनिधि भेलाः**

(क) एक अवधिमा कम्तीमा एकपटक सभासदहरूको क्षेत्रीय भेला आयोजना गर्न सकिनेछ ।

(ख) महासंघका विभिन्न शाखा तथा संस्थागत सदस्य संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षको क्षेत्रीय भेला एक अवधिमा कम्तीमा एकपटक गर्न सकिनेछ ।

(ग) यी भेलाका निष्कर्ष, पारित प्रस्ताव तथा कार्यक्रमलाई मार्ग निर्देशनका रुपमा ग्रहण गरी आवश्यकता अनुसार केन्द्रीय वा क्षेत्रीय समन्वय समितिले कार्यान्वयन वा अनुगमन गर्नेछ। कार्यान्वयनको जिम्मेवारी महासंघका सबै सभासदसमेतको हुनेछ।

**१३. अविश्वासको प्रस्ताव :**

(क) महासंघका केन्द्रीय समिति वा कुनै पदाधिकारी वा सदस्यका विरुद्ध एक तिहाइ सभासदले कारण खुलाई हस्ताक्षर गरी महासंघको केन्द्रीय कार्यालयमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) त्यस्तो प्रस्ताव दर्ता भएपछि केन्द्रीय समितिले ३५ दिनभित्र विशेष साधारण सभा बोलाई सो प्रस्ताव पेश गर्नुपर्नेछ।

(ग) सिङ्गो समिति वा समितिका कुनै पदाधिकारी वा सदस्यले आफूलाई लागेको अभियोगका सम्बन्धमा स्पष्टीकरण दिन पाउनेछ र यस्तो स्पष्टीकरणबाट सन्तुष्ट भएमा सभाले प्रस्ताव फिर्ता लिन सक्नेछ।

(घ) प्रस्ताव फिर्ता नभएमा यसलाई मतदानमा लगिनेछ। कार्यकारिणी सभाका दुई तिहाइ सदस्यले समर्थन जनाएमा प्रस्ताव पारित भएको मानिनेछ। यसरी सिंगो समितिविरुद्ध प्रस्ताव पारित भएमा बाँकी अवधिका लागि तीन दिनभित्र नयाँ निर्वाचन गर्नुपर्नेछ। निर्वाचन नहुञ्जेलसम्म कुनै पदाधिकारीविरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा वैकल्पिक वैधानिक व्यवस्था नरहेका हकमा समितिले तोकेबमोजिम हुनेछ।

(ङ) अध्यक्षउपर अविश्वासको प्रस्ताव पेश भएको अवस्थामा विशेष साधारण सभाको अध्यक्षता उपाध्यक्षले गर्नेछ। समितिविरुद्ध अविश्वासको प्रस्ताव पेश भएको अवस्थामा कार्यकारिणी सभाका जेष्ठ सदस्यले त्यस्तो अध्यक्षता गर्नेछ।

(च) शाखा र संस्थागत सदस्य संस्थाका पदाधिकारी वा सदस्यविरुद्ध सो शाखाका एकतिहाइ सदस्यले अविश्वासको प्रस्ताव ल्याउन सक्नेछन्। कुल सदस्य संख्याको दुई तिहाइ सदस्यले समर्थन गरेमा प्रस्ताव पारित भएको मानिनेछ।

# परिच्छेद - ५

## समिति

१४. **समितिको गठन र गठन विधि :**

(१) महासंघका शाखा तथा संस्थागत सदस्य संस्थाका समितिहरूलाई व्यवस्थित र विधिसम्मत तवरले सञ्चालन गर्न निर्वाचित समितिहरू हुने छन्। तिनको गठन यस प्रकार हुनेछ-

(क) शाखामा प्रत्यक्ष गोप्य मतदानद्वारा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र एक महिला सदस्य सहितको समिति गठन गरिनेछ।

(ख) सदस्य संख्याका आधारमा समितिका सदस्यको संख्या निर्धारण गरिनेछ। त्यसो गर्दा १५ जनासम्म सदस्य भएमा दुई, १६ देखि १०० जनासम्म सदस्य भएमा चार, १०१ देखि २०० सम्म छ र २०० जनाभन्दा बढी सदस्य भएमा आठजना सदस्य चुनिनेछन्।

(ग) महिला सदस्य नरहेको शाखामा महिला अनिवार्यताको प्रावधान लागू हुने छैन।

(घ) शाखा अध्यक्ष हुन कम्तीमा निरन्तर ५ वर्ष र सभासद हुन ३ वर्ष महासंघको सदस्य भएको हुनुपर्छ।

(ङ) निवर्तमान अध्यक्ष, त्यसअघिका पूर्व अध्यक्ष र समितिको निर्वाचनमा अध्यक्ष पदका निकटतम प्रतिद्वन्द्वी गरी तीनजना समितिका पदेन सल्लाहकार रहनेछन्। उनीहरूको बैठकमा मतदान गर्नेबाहेकका सबै अधिकार समितिका सदस्यसरह हुनेछ।

(२) सम्बन्धित क्षेत्रबाट निर्वाचितमध्ये बढी मत प्राप्त गर्ने केन्द्रीय सदस्य क्षेत्रीय समन्वय समितिको संयोजक र अर्का सदस्य सहसंयोजक हुनेछ। सो क्षेत्रका शाखा तथा संस्थागत सदस्य संस्थाका अध्यक्ष सो समितिको पदेन सदस्य हुनेछन्।

(३) केन्द्रीय समितिको गठनः महासंघको उद्देश्य पूर्तिका लागि सभासदहरूले गोप्य मतदानबाट देहायबमोजिमको २७ सदस्यीय केन्द्रीय समिति निर्वाचित गर्नेछन् :

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष - १

(ग) महासचिव - १

(घ) सचिव - १

(ङ) कोषाध्यक्ष - १ सहितका पदाधिकारी ५ ।

(च) सदस्य - प्रत्येक विकास क्षेत्र (मध्यमाञ्चल क्षेत्रका हकमा काठमाडौं उपत्यका बाहेक)बाट निर्वाचित २/२ जनाका दरले १०,

काठमाडौं उपत्यकाभित्रका तीन जिल्ला काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाभित्र रहेका विभिन्न शाखाहरूका तर्फबाट २,

महिलामध्येबाट १

दलित मध्येबाट १,

आदिवासी जनजाति मध्येबाट १,

मधेशी मध्येबाट १,

संस्थागत सदस्य संस्थाका तर्फबाट ३,

केन्द्रीय समितिले मनोनीत गर्ने ३ जनासमेत गरी २२ ।

मनोनयन गर्दा केन्द्रीय समितिले सभासदहरूमध्येबाट प्रतिनिधित्व हुन नसकेका विधागत क्षेत्रको प्रतिनिधित्व हुनेगरी गर्नुपर्ने छ । तर उम्मेदवार भई पराजित भएकालाई मनोनयन गरिने छैन ।

(४) सभासदहरूमध्ये गोप्य मतदानबाट अध्यक्ष १, उपाध्यक्ष १, महासचिव १, सचिव १, कोषाध्यक्ष १ र सदस्य १९ निर्वाचित हुनेछन् । पदाधिकारीहरूलाई सम्पूर्ण सभासदले मतदान गर्नेछन् ।

(५) सदस्यका हकमा सम्बन्धित भौगोलिक क्षेत्रबाट सदस्य पदका लागि सम्बन्धित क्षेत्रका सदस्य मात्र उम्मेदवार बन्न सक्ने छन् र सम्बन्धित क्षेत्रका सभासदले मात्र मत दिने छन्। महिला, दलित, आदिवासी जनजाति र मधेशीबाट प्रतिनिधित्व गर्ने सदस्यका लागि सम्पूर्ण सभासदले मतदान गर्नेछन् तर संस्थागत सदस्य संस्थाको प्रतिनिधित्व गर्ने सभासदले सदस्यका हकमा संस्थागत सदस्य सस्थाका तर्फबाट उम्मेदवार भएका ३ जनालाई मात्र मत दिने छन्।

(६) महासंघका कुनै पनि समितिको पदावधि निर्वाचन भएको मितिले तीन वर्षको हुनेछ। नयाँ शाखा गठन भएका हकमा महाधिवेशन हुने वर्ष अधिवेशन गर्नु पर्नेछ।

(७) केन्द्रीय समितिमा मनोनीत सदस्यहरूको पदावधि केन्द्रीय समितिको पदावधि रहेसम्म कायम रहनेछ।

(८) महासंघका जुनसुकै तहका पदाधिकारीहरू लगातार दुई पटकभन्दा बढी सोही पदका लागि उम्मेदवार हुन पाउने छैनन्।

(९) यस उपदफा बमोजिम गठन हुने केन्द्रीय समितिको अध्यक्षको निर्वाचनमा उम्मेदवार हुन कम्तीमा ९ वर्ष र बाँकी अरु पदका लागि कम्तीमा ६ वर्ष महासंघको अविच्छिन्न सदस्य हुनु पर्नेछ।

**१५. समितिको बैठक :**

महासंघका सबै तहका समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ जसको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ।

**१६. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :**

(१) केन्द्रीय समितिको कर्तव्य एवं अधिकार देहायबमोजिम हुनेछ :

(क) महासंघको उद्देश्य प्राप्तिका लागि निरन्तर क्रियाशील रहने,

(ख) महासंघको विकास र विस्तारका साथै कामकारबाहीको नियमन, नियमित सुपरिवेक्षण र निर्देशन गर्ने,

(ग) कार्यकारिणी सभाले पारित गरेका निर्णय कार्यान्वयन गर्ने,

(घ) समितिको कुनै पदाधिकारी पदमा कायम नरहेमा वैकल्पिक वैधानिक व्यवस्था नरहेका हकमा समितिका सदस्यहरूमध्येबाट पदपूर्ति गर्ने । यो व्यवस्था सबै तहमा लागू हुनेछ ।

(ङ) महासंघको वार्षिक कार्यक्रम तथा वार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(च) पत्रकारहरूको हकहितमा काम गर्दै व्यावसायिक नेतृत्व प्रदान गर्ने,

(छ) विधानले विशेष कार्यकारिणी सभा, कार्यकारिणी सभा, अन्य उपसमितिहरू र पदाधिकारीहरूले गर्नुपर्ने भनी तोकिदिएको अधिकार, कर्तव्यलगायत महासंघको तर्फबाट गर्नुपर्ने काम र उत्तरदायित्व वहन गर्ने,

(ज) महासंघको प्रतिनिधित्व गर्ने,

(झ) शाखा र संस्थागत सदस्य संस्थाहरूले महासंघको हितविरुद्ध काम गरेमा स्पष्टीकरण सोध्ने, सदस्यता निलम्बन वा खारेज गर्ने ।

(ञ) समितिले आवश्यक सम्झेमा समितिका पदाधिकारी वा सदस्यमध्येबाट प्रवक्ता नियुक्त गर्न सक्नेछ ।

१७. **समिति, उपसमिति :**

विधानका उद्देश्य पूर्ति गर्न र महासंघको हित सम्बर्द्धन गर्न समितिले आवश्यकता अनुसार सचिवालय, विषयगत समिति तथा उपसमिति, आयोग र कार्यदल गठन गर्न सक्नेछ र उनीहरूको कार्यकाल, अधिकार, कार्यप्रणाली समितिले तोकेबमोजिम हुनेछ ।

१८. **अधिकार प्रत्यायोजन :**

(क) समितिले आफूमा अन्तर्निहित अधिकारमध्ये आवश्यकतानुसार खास अधिकार कुनै उपसमिति, पदाधिकारी वा सदस्यलाई सुम्पन सक्नेछ ।

(ख) समितिले उपदफा (क) बमोजिम आफ्नो काम कर्तव्य र अधिकार सुम्पदा शर्त तोक्न सक्नेछ ।

(ग) समितिले उपदफा (क) बमोजिम दिएको अधिकार जुनसुकै बखत फिर्ता गर्न सक्नेछ ।

**१९. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) महासंघलाई नीतिगत र सांगठनिक नेतृत्व प्रदान गर्ने,

(ख) समिति र कार्यकारिणी सभाको अध्यक्षता ग्रहण गर्ने र उक्त बैठक र सभामा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।

(ग) कार्यकारिणी सभा र समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(घ) कार्यकारिणी सभा र समितिको समय समयमा हुने सभा र बैठक बोलाउन लगाउने, र

(ङ) विधानसँग नबाझिने गरी केन्द्रीय समितिको तर्फबाट तत्काल गर्नुपर्ने अन्य काम गर्ने ।

**२०. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्ष कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा वा निजको पद रिक्त भएमा कार्यबाहक अध्यक्षको रुपमा निजको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

(ख) अध्यक्षले प्रत्यायोजन गरेको कुनै अधिकार प्रयोग गर्ने ।

**२१. महासचिवको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षसँग परामर्श गरी समितिको बैठक र कार्यकारिणी सभा बोलाउने,

(ख) कार्यकारिणी सभा र समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(ग) महासंघका कार्यकारिणी सभा र समितिका लिखित कागजातहरूको अभिलेख तयार पार्ने र सुरक्षित राख्ने,

(घ) आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

(ङ) महासंघको लिखत प्रमाणित गर्ने,

(च) समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने,

(छ) भैपरी आउने काम गर्ने गराउने,

(ज) दैनिक प्रशासन सञ्चालन गर्ने गराउने,

(झ) विधानले तोकेबमोजिमका अन्य काम गर्ने, र

(ञ) शाखाका हकमा महासचिवको अधिकार सचिवले प्रयोग गर्नेछ ।

२२. **सचिवको काम, कर्तव्य र अधिकार :**

(क) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण काम गर्ने,

(ख) महासचिवको काममा आवश्यक सहयोग पुऱ्याउने,

(ग) शाखाका हकमा सचिवको अधिकार सहसचिवले प्रयोग गर्नेछ ।

२३. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) महासंघको वार्षिक आर्थिक कार्यक्रम तयार गर्ने,

(ख) महासंघको कोष तथा लेखासम्बन्धी सम्पूर्ण दायित्व बहन गर्ने,

(ग) महासंघको आय व्ययको हिसाब दुरुस्त राख्ने,

(घ) महासंघको तर्फबाट जिन्सी लगत राख्ने,

(ङ) महासंघको तर्फबाट असुल गर्नुपर्ने शुल्क तथा रकम असुल उपर गर्ने गराउने,

(च) महासंघको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्थापन र परिचालन गर्ने, र

(छ) शाखाका आर्थिक कारोबारको लेखापरीक्षण गर्न लगाउने तथा सुपरीवेक्षण र अनुगमन गर्ने ।

**२४. सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

समितिका सदस्यहरूले बैठकको निर्णयबमोजिम आफूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्ने ।

**२५. समितिको उत्तरदायित्व :**

समितिका पदाधिकारी र सदस्यहरू सामूहिक र व्यक्तिगत रुपले कार्यकारिणी सभा र सभासदहरूमार्फत सम्पूर्ण सदस्यहरूप्रति उत्तरदायी हुनेछन् ।

**२६. शाखाको गठन :**

(क) कुनै जिल्ला वा सञ्चार प्रतिष्ठानमा कार्यरत १५ जना वा सोभन्दा बढी क्रियाशील पत्रकारहरू महासंघको सदस्य भएमा शाखा गठन गर्न सकिनेछ । जिल्ला तहमा गठन गरिनेलाई जिल्ला शाखा र सञ्चार प्रतिष्ठानमा गठन हुनेलाई प्रतिष्ठान शाखा भनिनेछ ।

(ख) अधिवेशन हुनुअघि सदस्यता अनुमोदन गरी तदर्थ समिति गठन गर्न सकिनेछ ।

(ग) एउटै जिल्लामा मात्र आवश्यक संख्या नभएको स्थितिमा नजिकका जिल्लाहरूमा कार्यरत पत्रकारहरूलाई संगठित गरी संयुक्त शाखा गठन गर्न सकिनेछ ।

(घ) जिल्लामा आवश्यक प्रतिनिधित्व जिल्ला शाखाले गर्नेछ ।

(ङ) संस्थागत सदस्यतामा विधागत संस्थालाई प्राथमिकता दिइनेछ ।

(च) विदेशमा वैधानिक रुपमा रहेका नेपाली पत्रकारहरूले गठन गरेको संस्थालाई सम्पर्क समितिको मान्यता दिन सकिनेछ ।

# परिच्छेद – ६

## केन्द्रीय कार्यालय

**२७. केन्द्रीय कार्यालयको गठन :**

(१) केन्द्रीय कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) दैनिक प्रशासकीय काम सञ्चालन गर्ने,

(ख) महासंघको लिखत, कार्यवृत्त पुस्तिका (माइन्युट बुक) र अभिलेख पुस्तिकाहरूको सुरक्षा गर्ने,

(ग) समितिका निर्णय र निर्देशनहरू तदारुकताका साथ कार्यान्वयन गर्ने,

(घ) पत्र व्यवहार यथासमयमा गर्ने,

(ङ) सदस्यहरूको लगत विधिवत कायम गर्ने,

(च) शाखाहरूसँग समय समयमा पत्र व्यवहार वा अन्य तरिकाबाट सम्पर्क गर्ने,

(छ) सभा, कार्यकारिणीसभा र केन्द्रीय समिति, अन्य समिति, उपसमितिको निर्णय शाखालाई जानकारी गराउने ।

## परिच्छेद – ७
## कोष व्यवस्थापन

**२८ पत्रकार कल्याण कोषः**

महासंघसँग पत्रकार कल्याण कोष रहनेछ । सो कोषको व्यवस्थापन र सञ्चालन महासंघले तयार गरेको नियमावलीअनुसार हुनेछ । कार्यकारिणी सभाको अनुमतिविना पत्रकार कल्याण कोषमा जम्मा भएको रकमको साँवा खर्च गर्न पाइने छैन ।

२९. **कोष :**

(१) महासंघको आफ्नो छुट्टै कोष रहनेछ ।

(२) महासंघको कोषमा देहायका रकम आम्दानी बाँधिने छन् :

(क) सदस्यता र अन्य शुल्क,

(ख) महासंघलाई नेपाल सरकार, कुनै संस्था वा अन्तर्राष्ट्रिय निकायबाट प्राप्त रकम,

(ग) महासंघलाई प्राप्त भएका दान, चन्दा र सहायता,

(घ) महासंघद्वारा सम्पन्न गरिने विभिन्न कार्यक्रम र प्रकाशन-उत्पादनबाट प्राप्त भएको रकम,

(ङ) महासंघले उठाएको शुल्क र उपार्जित रकम,

(च) अन्य रकम ।

(३) कोष कोषाध्यक्षको जिम्मामा रहनेछ र कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने गरी समितिको निर्णयअनुसार कोषको संचालन हुनेछ ।

(४) हिसाब किताब :

(क) कोषाध्यक्षले महासंघको हिसाब किताब दुरुस्त राख्नु पर्नेछ र आय व्ययको प्रतिवेदन कार्यकारिणी सभामा प्रस्तुत गर्नुपर्नेछ ।

(ख) कार्यकारिणी सभाले नियुक्त गरेको लेखापरीक्षकद्वारा महासंघको हिसाब किताब कम्तीमा वर्षको एक पटक जाँच गरिनेछ ।

## परिच्छेद – ८
## अनुशासन र आचार संहिता

**३०. अनुशासन र कारबाही :**

(क) महासंघको विधान तथा अनुशासनको पालना गर्नु महासंघका हरेक सदस्य तथा शाखा र संस्थागत सदस्य संस्थाको कर्तव्य हुनेछ ।

(ख) महासंघका केन्द्रीय समिति वा शाखा समितिका पदाधिकारी तथा सदस्यले सो पदमा बहाल रहेसम्म कुनै राजनीतिक दल वा भ्रातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गर्न पाउने छैन ।

(ग) अनुशासन पालना गरे नगरेको अनुगमन तथा त्यससम्बन्धी उजुरीको सुनुवाइ संगठन समितिले गर्नेछ ।

(घ) संगठन समितिको सिफारीशमा केन्द्रीय समितिले स्पष्टीकरण सोध्ने, निलम्बन गर्ने र सदस्यता खारेज गर्ने निर्णयसमेत गर्न सक्नेछ । कुनै कार्वाहीको निर्णय गर्नु अघि सफाइको मौका दिनु पर्नेछ ।

**३१. आचार संहिता :**

सदस्यहरूले अनुसूची १ मा रहेको आचारसंहिताको पालना गर्नुपर्नेछ । पालना नगरेमा केन्द्रीय समितिले आचार संहिता अनुगमन तथा मर्यादा निरुपण समितिमार्फत स्पष्टीकरण सोध्ने, निलम्बन गर्ने र सदस्यता खारेज गर्ने निर्णयसमेत गर्न सक्नेछ । कुनै कार्वाहीको निर्णय गर्नुअघि सफाइको मौका दिनु पर्नेछ ।

३२. **पुनरावलोकन** :

दफा ३० र ३१ बमोजिमको निर्णयबाट मर्का पर्ने व्यक्तिले जानकारी प्राप्त गरेको ३५ दिनभित्र केन्द्रीय समितिमा पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ । केन्द्रीय समितिले ९० दिनभित्र यस उपर निर्णय दिइसक्नु पर्नेछ ।

# परिच्छेद – ९

## निर्वाचन

३३. **निर्वाचन समिति र कार्यविधि** :

(१) कुनै पनि तहको नेतृत्व चयन निर्विरोध भएको अवस्थामा बाहेक गोप्य मतदानका आधारमा गरिनेछ ।

(२) नयाँ समितिको निर्वाचनका लागि समितिले आवश्यकता अनुसार निर्वाचन समिति गठन गर्नेछ ।

(३) निर्वाचन समितिको काम, कर्तव्य तथा निर्वाचन प्रक्रिया:

(क) निर्वाचन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । समितिले कामलाई सहज बनाउन आफैं कार्यविधि तय गर्न सक्नेछ ।

(ख) निर्वाचन समितिले यस विधानको अधीनमा रही निर्वाचन सम्पन्न गर्नेछ ।

(४) केन्द्रीय समितिको निर्वाचनको हकमा कम्तीमा ३० दिनअघि केन्द्रीय समितिभन्दा बाहिरका विज्ञहरू रहेको निर्वाचन समिति गठन गरिनेछ ।

(५) समितिले तोकेको मितिमा विधिसम्मत र निर्वाचनका आधारभूत सिद्धान्तहरूको परिपालना गरी निर्वाचन सम्पन्न गर्नु निर्वाचन समितिको कर्तव्य हुनेछ ।

(६) निर्वाचन समितिलाई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

# परिच्छेद – १०
## विविध

३४. **संशोधन** : विधानको संशोधन गर्न सकिनेछ।

३५. **संशोधन विधि** :

(१) कुनै सभासद वा शाखाले विशेष प्रस्तावको रुपमा संशोधन ल्याउन सक्नेछ र सो प्रस्तावबारे केन्द्रीय समितिले कार्यकारिणी सभा हुनुभन्दा कम्तीमा तीस दिनअगाडि लिखित सूचना प्रेषित गर्नेछ।

(२) प्रस्तावित संशोधन कार्यकारिणी सभामा उपस्थित सदस्यहरूको दुई तिहाइ मतबाट पारित हुनेछ र त्यसलाई स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

३६. **नियम बनाउने अधिकार** : (१) यस विधानको उद्देश्य पूर्ति गर्न केन्द्रीय समितिले आवश्यक नियम, विनियम, निर्देशिका बनाउन र लागू गर्न सक्नेछ।

३७. **अविच्छिन्नता** :

(क) २०१२ चैत १६ गते स्थापना भई राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार दर्ता भएको नेपाल पत्रकार महासंघलाई संघ संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता लिई क्रियाशील रहेको नेपाल पत्रकार महासंघको अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रुपमा मानिनेछ।

(ख) यसअघि उल्लेख भएका विभिन्न पद तथा महासंघबाट भए गरेका काम कारबाही यसै विधानबमोजिम भए गरेको मानिनेछ।

३८. **आर्थिक वर्ष** : यस महासंघको आर्थिक वर्ष प्रत्येक वर्षको साउन १ गतेदेखि प्रारम्भ भई असार मसान्तमा समाप्त हुनेछ।

३९. **सामान्य छाप र प्रतीक** : महासंघको सामान्य छाप र प्रतीक अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

४०. **महासंघको निर्णय** :

(१) यस विधानमा अन्यथा लेखिएकोमा बाहेक बहुमतको निर्णय महासंघको निर्णय मानिनेछ ।

(२) महासंघको महाधिवेशन, कार्यकारिणी सभा, समिति तथा अन्य समिति, उपसमिति र शाखाहरूको निर्णय, कार्यवृत्त पुस्तिका (माइन्युट बुक) मा लिपिबद्ध गरिनेछ ।

४१. **व्याख्या** : यस विधानको अन्तिम व्याख्या गर्ने अधिकार केन्द्रीय समितिलाई हुनेछ ।

४२. **संस्था खारेजी** : महासंघको केन्द्रीय कार्यकारिणी सभाको दुई तिहाइ बहुमतले संस्था खारेजीको निर्णय गरेमा प्रचलित कानुनबमोजिम हुनेछ ।

# अनुसूची (१)
## पत्रकार आचार संहिता
## २०६०

**प्रस्तावना :**

स्वस्थ पत्रकारिताको विकासका निम्ति आमसञ्चारमाध्यम र पत्रकारलाई जिम्मेवार र व्यावसायिक बनाई प्रेस स्वतन्त्रताको सम्वर्द्धन गर्दै यसको दुरुपयोग हुन नदिन तथा राष्ट्र र समाजप्रति बढी उत्तरदायी बनाउन एवं नेपालको संविधानद्वारा प्रत्याभूत स्वतन्त्रता र हक अधिकारको जगेर्ना गर्दै जनतालाई सुसूचित गर्ने मूलभूत उद्देश्यले समसामयिक अन्तर्राष्ट्रिय प्रचलन र मान्यताहरुलाई समायोजन गरी आमसञ्चारका सबै माध्यमहरुलाई समेत समेटेर मौजुदा आचार संहितामा परिमार्जन गर्न वाञ्छनीय भएकोले नेपाल पत्रकार महासंघसमेतको सहमतिमा प्रेस काउन्सिल ऐनको दफा (७) को (ख) बमोजिम यो पत्रकार आचार संहिता २०६० बनाई जारी गरिएको छ ।

१. **नाम, प्रारम्भ र विस्तार** : (१) यस आचार संहिताको नाम 'पत्रकार आचार संहिता, २०६०' रहेको छ ।

(२) यो आचार संहिता तुरुन्त लागू हुनेछ ।

(३) यो आचार संहिता नेपालभर कार्यरत सम्पूर्ण पत्रकार तथा सञ्चारमाध्यमहरुलाई लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा,–

(क) 'पत्रकार' भन्नाले छापा, विद्युतीय तथा अनलाईनजस्ता कुनै पनि प्रकृतिका सञ्चारमाध्यममा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन र सम्प्रेषणजस्ता कार्यसँग आवद्ध प्रधान सम्पादक, सम्पादक, सम्पादक मण्डलका सदस्यहरु, संवाददाता, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता तथा सञ्चालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादकजस्ता पत्रकारिता पेशासँग सम्बन्धित सञ्चारकर्मीहरुलाई जनाउँछ ।

(ख) 'सञ्चारमाध्यम' भन्नाले नेपालमा सञ्चालित पत्रपत्रिका, रेडियो एवं टेलिभिजन प्रसारणहरु तथा इन्टरनेटका समाचार र विचारमूलक अनलाईन सेवाहरुसमेतलाई जनाउँछ ।

(ग) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाललाई जनाउँछ ।

३. **पत्रकार तथा सञ्चारमाध्यमहरुले देहायका कर्तव्य निर्वाह गर्नेछन् :**

(१) **प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन** : विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरुको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनु पर्दछ ।

(२) **मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान** : मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरुले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै प्रजातन्त्र, न्याय, समानता, शान्ति र अन्तर्राष्ट्रिय समझदारीको संरक्षण र सम्वर्द्धन तथा मित्रराष्ट्रहरुबीचको भाइचारालाई अभिवृद्धि गर्नु पर्दछ ।

(३) **सूचनाको हकको रक्षा र प्रचलन** : आमनागरिकको सुसूचित हुन पाउने हक अधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनु पर्दछ ।

(४) **सत्य तथ्य सूचनाको सम्प्रेषण** : व्यावसायिक पत्रकारिताको लक्ष्य हासिल गर्न सत्य–तथ्य, निष्पक्ष एवं सन्तुलित सूचना सम्प्रेषण गर्नु पर्दछ ।

(५) **सम्पादकीय स्वतन्त्रता** : सञ्चारमाध्यमबाट प्रकाशित–प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषणप्रतिको जिम्मेवारी र उत्तरदायित्व पत्रकारमा हुनुपर्दछ ।

(६) **गोपनीयताको हकको सम्मान** : सार्वजनिक हितमा प्रतिकूल असर पार्नेबाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नु पर्दछ ।

(७) **उच्च व्यावसायिक अभ्यास** : पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिवद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न उच्च व्यावसायिक अभ्यास गर्नु पर्दछ ।

(८) **शिष्ट व्यवहार** : व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनु पर्दछ ।

(९) **गल्ती सच्याउने तत्परता** : प्रकाशन तथा प्रसारणमा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटिलाई सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रष्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नुपर्दछ ।

(१०) **सामाजिक उत्तरदायित्व** : असक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउने सामाजिक उत्तरदायित्व हुनेछ ।

(११) **आपसी सम्बन्ध** : पत्रकार तथा सञ्चारमाध्यमहरुबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र सुमधुर रहनु पर्दछ ।

**४. पत्रकार तथा सञ्चारमाध्यमहरुले देहायका कार्यहरु गर्ने छैनन् :**

(१) **राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने** : बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पार्ने वा गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन तथा प्रसारण गर्नु हुँदैन ।

(२) **सामाजिक संरचनामा प्रतिकूल असर पार्न नहुने** : सामाजिक संरचनामा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादाविपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन तथा प्रसारण गर्नु हुँदैन ।

(३) **समाचारको गोप्य स्रोत खोल्न नहुने** : समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नु पर्दछ तर गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा स्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान गोप्य राख्नु पर्दछ ।

(४) **निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने** : प्रकाशन-प्रसारण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नु हुँदैन ।

(५) **भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने** : जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नु हुँदैन ।

(६) **पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने** : पीडितलाई थप पीडा पुग्नेगरी भाषा, तस्वीर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण गर्नु हुँदैन ।

(७) **पीडित व्यक्तिको नाम, ठेगाना प्रकाशन गर्न नहुने** : यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरुको नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्वीर र दृश्य प्रकाशन-प्रसारण गर्नु हुँदैन ।

(८) **हिंसा, आतंक र अपराधलाई प्रोत्साहन गर्न नहुने** : विध्वंश, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार, तस्वीर र दृश्यहरु प्रस्तुत गर्नु हुँदैन ।

(९) **घृणा र उत्तेजना फैलिने गरी विभत्स दृश्य र तस्वीर प्रकाशन प्रसारण गर्न नहुने** : क्षत्विक्षत्, विभत्स र घृणा फैलाउने किसिमका दृश्य एवं तस्वीरहरु असान्दर्भिक, अश्लील र उत्तेजना फैलिनसक्ने प्रकारले प्रस्तुत गर्नु हुँदैन ।

(१०) **घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने** : कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुनेगरी समाचार प्रस्तुत गर्नु हुँदैन ।

(११) **तथ्यहीन समाचार प्रकाशन गर्न नहुने** : तथ्यलाई तोडमोड गरी बङ्ग्याउने, अनुचित लाभका लागि दिग्भ्रमित पार्ने तथा तथ्यहीन टिप्पणीलाई समाचारको रुपमा प्रस्तुत गर्नुहुँदैन ।

(१२) **विज्ञापनलाई समाचारका रुपमा प्रस्तुत गर्न नहुने :** विज्ञापनलाई समाचारको रुपमा प्रस्तुत गर्न, विज्ञापन गरेर समाचारको खण्डन गर्न तथा एउटा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चारमाध्यमले गर्नु हुँदैन ।

(१३) **स्रोत उद्धृत नगरी समाचार उपयोग गर्न नहुने :** कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार सामग्री उपयोग गर्दा त्यस्तो मूल स्रोत उद्धृत नगरी प्रकाशन वा प्रसारण गर्नु हुँदैन ।

**५. उजुरी र तत्सम्बन्धी कार्यविधि :**

(१) यस आचार संहितामा उल्लेखित आचरणहरुको उल्लंघन गरेको छ भनी तथ्ययुक्त प्रमाणसाथ पीडित पक्षले कुनै पत्रकार तथा सञ्चारमाध्यमविरुद्ध उपदफा (४) बमोजिमको म्यादभित्र काउन्सिलसमक्ष उजुरी दिन सक्नेछ । यस्तो उजुरी परेमा काउन्सिलले सामान्य जाँचबुझ गरी यस आचार संहिताको उल्लंघन हुने किसिमको कार्य भएको देखेमा आरोपित पक्षलाई सामान्यतया ७ दिनभित्र वा सोभन्दा अगावै काउन्सिलले उचित ठानेको म्यादभित्र त्यस्तो निर्दोषिता प्रमाणित गर्ने प्रमाण भए उजुरीको प्रतिलिपि साथै राखी हाजिर हुन आउनू भनी म्याद पठाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै पत्रकार तथा सञ्चारमाध्यमले सार्वजनिक हित र सरोकारमा प्रत्यक्ष वा अप्रत्यक्षरुपले नकारात्मक असर पार्ने गरी समाचार प्रकाशन तथा प्रसारण गरेमा प्रेस काउन्सिल आफैंले त्यस्तो पत्रकार वा सञ्चारमाध्यमका विरुद्ध यस संहिताबमोजिम कारबाही अगाडि बढाउन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आरोपित पक्षलाई म्याद सूचना पठाउनुपूर्व उजुरीका सम्बन्धमा काउन्सिलले प्रारम्भिक जाँचबुझबाट तत्कालै खण्डन गर्नुपर्ने वा क्षमा याचना माग्नुपर्ने वा मुनासिब जवाफ पठाउन लगाउनेजस्ता आवश्यक निर्देशन सम्बन्धित पत्रकार वा सञ्चारमाध्यमलाई दिन सक्नेछ ।

(४) यस आचार संहिताको उल्लंघन गरी कुनै पत्रकार तथा सञ्चारमाध्यमले समाचार प्रकाशन तथा प्रसारण गरेमा उजुरवालाले सो समाचार प्रकाशन तथा प्रसारण भएको मितिले पन्ध्र दिनभित्र उजुरी नदिए उजुरी लाग्न सक्दैन । म्यादभित्र उजुरी गर्न नसकेको मुनासिब कारण भएमा प्रेस काउन्सिलले जहिले पनि उजुरी लिन सक्नेछ ।

(५) माथि उल्लेखित उपदफाहरुबमोजिम आरोपित पक्षको लिखित जवाफ काउन्सिलसमक्ष दाखिल भएपश्चात् वा तोकिएको म्यादभित्र जवाफ प्राप्त नभए पनि काउन्सिलले सो विषयमा सामान्यतया तीस दिनभित्र निर्णय दिनेछ ।

(६) उपदफा (५) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले आवश्यक ठानेमा उजुरवाला र आरोपित पक्ष दुवैलाई झिकाई छलफल गर्न सक्नेछ ।

(७) उजुरवाला र आरोपित पक्ष दुवैथरी मिली मिलापत्रको लागि संयुक्तरुपले लिखित अनुरोध गरेमा काउन्सिलले मिलापत्र गराई विवाद टुंग्याउन सक्नेछ ।

६. **निर्णय र कार्यान्वनसम्बन्धी व्यवस्था** : कुनै पक्षले यस आचार संहिताको दफा (३) को खण्ड (ख) ले निषेध गरेको आचारण गरेको ठहरेमा निजलाई प्रेस काउन्सिलले क्रमशः निम्नबमोजिम निर्णय र कारबाही गर्नेछ ।

(१) उजुरीमा भएको निर्णयलाई सम्बन्धित सञ्चारमाध्यममा काउन्सिलले तोकेको स्वरुप, स्थान वा समयमा प्रकाशन प्रसारण गर्न आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश पालना नगरेमा त्यस्तो आरोपित पक्ष प्रेस पास रहने प्रकृतिको रहेछ भने प्रेस पास निलम्बित गर्न काउन्सिलले सम्बन्धित निकायलाई सिफारिश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेस पास निलम्बन भएपछि पनि उपदफा ( १) बमोजिमको कार्य नगरेमा काउन्सिलको वितरण संपरीक्षण समितिले त्यस्तो पक्षको सञ्चारमाध्यमलाई मूल्यांकन प्रक्रियाबाट अलग गर्नेछ ।

(४) माथि उपदफा (३) बमोजिम मूल्यांकन प्रक्रियाबाट अलग गराउँदा पनि माथि उपदफा (१) बमोजिम निर्णयको पालना नगरेमा त्यस्तो पक्षलाई काउन्सिलको कल्याणकारी कोषबाट निश्चित अवधिका लागि सहयोग उपलब्ध गराइने छैन ।

(५) उपदफा (४) बमोजिम कल्याणकारी कोषबाट सहयोग कटौती गराउँदा पनि उपदफा (१) बमोजिम निर्देशित कार्य नगरेमा नेपाल सरकारको तर्फबाट उपलब्ध हुने सुविधाहरु निश्चित अवधिका लागि निलम्बन गर्नका लागि प्रेस काउन्सिलले सम्बन्धित निकायलाई सिफारिश गर्नेछ ।

तर काउन्सिलले आवश्यक ठानेमा एकैपटक उपदफा (४) र (५) बमोजिम दुवै कारबाही गर्न सक्नेछ ।

(६) काउन्सिलको निर्णय पालना नगर्ने पत्रकार तथा सञ्चारमाध्यमउपर काउन्सिलले त्यस्तो पत्रकार वा माध्यमविरुद्ध खेद प्रकट गरी सो कुरा सार्वजनिकरुपमा प्रकाशित-प्रसारित गर्नेछ ।

**७. खारेजी :** पत्रकार आचार संहिता, २०५५ खारेज गरिएको छ ।

## अनुसूची (२)

### साधारण छाप र प्रतीक

नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति

Central Committee

Federation of Nepali Journalists

